# नेपाल राष्ट्र बैंक
## विराटनगर कार्यालय

**सवारी साधन खरिद गर्ने बारेको पुनः शिलबन्दी बोलपत्र आह्वानको सूचना**

(दोस्रो पटक प्रकाशित मिति : २०७१/११/२०)

बोलपत्र नं :- **NRB/BRT/VB/ST/02/71/72**

यस कार्यालयको लागि बैंकले तोकेको स्पेशिफिकेशन बमोजिम सवारी साधन (एक थान बस च्यासिस) आपूर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

१. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिदेखि १५औ दिनको (सो दिन विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेको दिनको ५:०० बजेसम्म यस बैंकको विराटनगर कार्यालय र कोष तथा लेखा नियन्त्रण कार्यालय, विराटनगरबाट पछि फिर्ता नहुने गरी **रु.५,०००।-** (अक्षरेपी पांच हजार मात्र) मा खरिद गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको अपरान्ह १:०० बजेभित्र यस बैंकको विराटनगर कार्यालयमा बोलपत्र दाखिला गरिसक्नु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेका पहिलो दिन)को अपरान्ह १:०० बजेभित्र यस कार्यालयमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ । उक्त दिन दिउंसो २:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र फाराम साथ बोलपत्र जमानत वापतको रकम रु.८०,०००।०० (अक्षरेपी असी हजार मात्र) यस कार्यालयको सण्ड्री क्रेडिटर्स (1509999÷011÷003÷524) हिसाबमा जम्मा गरेको सक्कल भौचर वा यस बैंक बाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० दिन मान्य अवधि रहेको बैंक जमानत संलग्न गर्नु पर्नेछ ।

५. बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा यस कार्यालयको खरिद फांट (०२१-५२२५९०) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

६. यो सूचना यस बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

निर्देशक